पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०६।२९ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ४

निर्णय नं. १: अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

**निर्णय नं. २:** पैयूँ गाउँपालिका क्षेत्रभित्रबाट बहने सेदिखोलाको बगरबाट ढुङ्गा, गिट्टी,बालुवा दहत्तर बहत्तर उत्खनन् गरी आन्तरिक आय आर्जनको लागि बिक्रि कर संकलन गर्न उक्त स्थानहरुको IEE अध्ययन प्रतिवेदन तयारीको लागि छनोट भएको परामर्श दाता श्री डब्लु.आर.सी. इन्जिनियर्स प्रा.लि. भरतपुर -१०, चितवनले पेस गरेको TOR स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३-** यस गाउँपालिकाले मिति २०८२।०५।११ गते प्रथम पटक र मिति २०८२।०६।०८ गते दोस्रो पटक, मौज्दातमा रहेको ढुङ्गा, गिट्टी बालुवाको विक्री कर संकलन गर्न सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा कुनै पनि व्यवसायीबाट सिलबन्दी दरभाउ पत्र पेशहुन नआएको हुँदा सिलबन्दी दरभाउ पत्रमा उल्लिखित न्यूनतम मूल्य रु.९,४६,८५२.४५ (नौ लाख छयालिस हजार आठ सय बाउन्न रुपैयाँ पैचालिस पैसा मात्र) मा पैयूँ गाउँपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०८२ को दफा ५० (झ) बमोजिम १० प्रतिशत रकम घटाई हुन आउने रकम रु.८,५२,१६७.२१ (आठ लाख बाउन्न हजार एक सय सतसट्ठी रुपैयाँ एक्काइस पैसा मात्र) लाई न्यूनतम मूल्य कायम गरी सात दिनको म्याद राखि पुनःसिलबन्दी दरभाउपत्र आह्वान गर्न स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भइ आएको हुँदा सोही बमोजिम पु:न सिलबन्दी दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** सङ्घीय कानून अन्तर्गतको "संस्था दर्ता ऐन, २०३४" र "संस्था दर्ता नियमावली,२०३४" लाई पैयूँ गाउँपालिकाको आजको कार्यपालिका बैठकबाट आन्तरिकीकरण गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुवाम, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष